# शिक्षण अभ्यासमा संलग्न छात्रशिक्षकको शैक्षिक सामग्री प्रयोग अवस्था

मीनप्रसाद अधिकारी, पिएचडी[1]

[1]उपप्राध्यापक, धनकुटा बहुमुखी क्याम्पस, त्रिवि

**Email**
adhikarimin010@gmail.com

प्रकाशन : २०८३ असार
Publish: 2026 June

**Doi:** https://doi.org/10.3126/bns.v29i1.95345

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2026 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns

**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

प्रस्तुत लेख शिक्षाशास्त्र सङ्काय, स्नातक तह चौथो वर्षमा नेपाली शिक्षा विषय अध्ययन गरी शिक्षण अभ्यासमा संलग्न छात्र शिक्षकहरूले कक्षा शिक्षणका क्रममा प्रयोग गर्ने शैक्षिक सामग्रीहरूको अवस्था, प्रयोगका ढाँचा तथा त्यसको प्रभावको विश्लेषणमा केन्द्रित छ । अध्ययनको मुख्य उद्देश्य छात्र शिक्षकहरूले नेपाली भाषाशिक्षणका विभिन्न विधा, व्याकरण तथा अन्य पाठहरू शिक्षण गर्दा कस्ता शैक्षिक सामग्री निर्माण र प्रयोग गर्छन् भन्ने पहिचान गर्नु र सामग्रीसहित तथा सामग्रीविहीन शिक्षण अवस्थाबीचको अनुभवात्मक भिन्नता उजागर गर्नु हो। यसका लागि धनकुटा, सुनसरी, तेह्रथुम, पाँचथर र संखुवासभाका पाँच क्याम्पसमा अध्ययनरत शैक्षिक सत्र २०७६–०८० समूहका विद्यार्थीहरूमध्ये २०८१ सालमा अध्यापन अभ्यासमा संलग्न छात्र शिक्षकहरूको कक्षा शिक्षणलाई नमुनाका रूपमा चयन गरी कक्षा अवलोकन, सामग्री परीक्षण तथा अनुभवसम्बन्धी अन्तर्वार्ताबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ। प्राप्त तथ्याङ्कलाई सन्दर्भ पुस्तक, अनुसन्धानात्मक ग्रन्थ तथा पाठ्यपुस्तकजस्ता द्वितीय स्रोतसँग समायोजन गर्दै गुणात्मक ढाँचामा विश्लेषण गरिएको छ । अध्ययनबाट अधिकांश छात्र शिक्षकहरूले चार्ट, चित्र, उदाहरणात्मक सामग्री तथा स्थानीय स्रोतमा आधारित सामग्री प्रयोग गर्ने गरेको पाइए तापनि सामग्रीको योजनाबद्ध निर्माण, सन्दर्भअनुकूल छनोट र प्रभावकारी प्रयोगमा एकरूपता अभाव रहेको देखिएको छ । शैक्षिक सामग्रीको प्रयोग गरिएको कक्षामा विद्यार्थी सहभागिता, अन्तरक्रिया र अवधारणागत बोधस्तर उल्लेख्य रूपमा वृद्धि भएको अनुभव गरिएको छ भने सामग्रीविहीन शिक्षण अपेक्षाकृत व्याख्यानमुखी, एकपक्षीय र कम प्रभावकारी देखिएको छ । यस आधारमा नेपाली भाषाशिक्षणलाई प्रभावकारी, जीवन्त र विद्यार्थीकेन्द्रित बनाउन पाठअनुकूल शैक्षिक सामग्रीको योजनाबद्ध निर्माण र सन्दर्भअनुकूल प्रयोग अपरिहार्य रहेको निष्कर्ष निकालिएको छ। साथै, यस अध्ययनका निष्कर्षहरूले शिक्षक प्रशिक्षण, कक्षा व्यवस्थापन र पाठ्यक्रम कार्यान्वयनमा संलग्न सरोकारवालाहरूलाई व्यावहारिक मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

***शब्दकुन्जी:*** अवलोकन मूल्याङ्कन, छात्रशिक्षक, भाषाशिक्षण, शिक्षण अभ्यास शैक्षिक सामग्री।

## अध्ययनको पृष्ठभूमि

शिक्षण–सिकाइ प्रक्रियाको प्रभावकारिता सुनिश्चित गर्न उपयुक्त शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोगलाई आधारभूत शैक्षिक सिपका रूपमा मानिन्छ। शिक्षण अभ्यास पाठ्यांश निर्देशिका (२०७८) ले छात्र शिक्षकहरूमा यस्ता व्यावहारिक सिपहरूको विकासलाई प्रमुख उद्देश्यका रूपमा स्थापित गरेको छ, जसले सैद्धान्तिक ज्ञानलाई कक्षाको वास्तविक अभ्याससँग जोड्ने काम गर्दछ । विशेषतः भाषाशिक्षणमा शिक्षण सामग्रीको सान्दर्भिक र

योजनाबद्ध प्रयोगले सिकाइलाई रोचक, अन्तरक्रियात्मक तथा दीर्घकालीन बनाउन महत्वपूर्ण भूमिका खेल्दछ (लामिछाने, २०६७; ढुङ्गेल र दाहाल, २०७६) । तथापि, नेपाली भाषाशिक्षणको व्यवहारिक पक्षमा अझै पनि व्याख्यानमुखी प्रवृत्ति हाबी रहेको र शैक्षिक सामग्रीको प्रभावकारी उपयोग अपेक्षाकृत कमजोर रहेको देखिन्छ । नेपाली भाषा शिक्षणको नवीन पद्धतिभित्र नवप्रवर्धनात्मक शैक्षिक सामग्रीको प्रयोग क्रमशः विस्तार हुँदै आएको छ । यस्ता सामग्रीमा सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री (मल्टिमिडिया प्रस्तुति, अडियो–भिडियो स्रोत), अनलाइन सिकाइ प्लेटफर्म, अन्तरक्रियात्मक शिक्षण उपकरण (स्मार्ट बोर्ड, डिजिटल क्विज) तथा स्थानीय सन्दर्भमा आधारित सृजनात्मक सामग्री (भूमिकानिर्वाह, परियोजना कार्य, कथन अभ्यास) आदि पर्दछन् । यी सामग्रीहरु अभ्यास शिक्षणमा सलग्न छात्रशिक्षकहरुले प्रयोग गरेमा शिक्षणा प्रभावकारी हुने देखिन्छ ।

शिक्षणलाई विद्यार्थीको रुची अनुसारको बनाउन र धारणा निर्माण गर्नका साथै सिकाइका उद्देश्य अनुरुप भाषाको सिद्धान्त र सिकाइका सिद्धान्तको पनि ख्याल गरेर शिक्षण सामग्रीको निर्माण गरिनु पर्दछ । नेपाली भाषा विद्यालय तथा विश्वविद्यालय तहको प्रमुख शिक्षण माध्यमका रूपमा व्यापक प्रयोगमा रहेको भए तापनि भाषिक सिप विकासका लागि आवश्यक शिक्षण सामग्रीको निर्माण र प्रयोगमा एकरूपता तथा सन्दर्भानुकूलता अभाव देखिन्छ । विशेष गरी शिक्षण अभ्यासमा संलग्न छात्र शिक्षकहरूको सन्दर्भमा सामग्रीको उपलब्धता, निर्माण क्षमता र प्रयोग दक्षतामा उल्लेख्य भिन्नता पाइने गरेको छ, जसले शिक्षण सिकाइ प्रक्रियाको गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । यस सम्बन्धमा गरिएका केही अध्ययनहरूले शिक्षण सामग्रीको प्रयोगले विद्यार्थीको सहभागिता र बोधस्तरमा सकारात्मक प्रभाव पार्ने संकेत गरेका छन्, तर शिक्षण अभ्यासकै सन्दर्भमा छात्र शिक्षकहरूको वास्तविक अभ्यास र अनुभवलाई केन्द्रमा राखेर गरिएको अध्ययन सीमित देखिन्छ । यस परिप्रेक्ष्यमा शिक्षण अभ्यासमा संलग्न छात्र शिक्षकहरूले कक्षा शिक्षणका क्रममा प्रयोग गर्ने शैक्षिक सामग्रीको अवस्था, तिनको निर्माण तथा प्रयोग ढाँचा र त्यसको प्रभावको विश्लेषण गर्नु आवश्यक देखिन्छ । यस अध्ययनले उक्त अनुसन्धान रिक्ततालाई सम्बोधन गर्दै नेपाली भाषाशिक्षणलाई थप प्रभावकारी, विद्यार्थीकेन्द्रित र व्यवहारमुखी बनाउन आवश्यक व्यावहारिक आधार प्रस्तुत गर्ने लक्ष्य राखेको छ । साथै, यसका निष्कर्षहरूले शिक्षक प्रशिक्षण, पाठ्यक्रम कार्यान्वयन तथा कक्षा व्यवस्थापनमा संलग्न सरोकारवालाहरूलाई उपयोगी मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ । शिक्षाशास्त्र सङ्कायको मूल ध्येय भनेकै असल र सफल शिक्षक निर्माण गर्नु हो । सोही आधारमा शिक्षाशास्त्र सङ्कायको स्नातक तह चौथो वर्ष र स्नातकोत्तर तहको चौथो सेमेस्टरमा शिक्षण अभ्यासको पाठ्यक्रम तय गरिएको छ । त्यसै क्रममा यो लेख स्नातक तह चौथो वर्षमा शिक्षण अभ्यासमा संलग्न विद्यार्थीहरूले विद्यालय तहको नेपाली विषयको कक्षा शिक्षणका क्रममा शिक्षण सामग्रीको प्रयोगको अवस्थालाई अध्ययन गर्दा विद्यागत रुपमा प्राप्त नतिजालाई यहाँ प्रस्तुत गरिएको छ । स्नातक तहको शिक्षण अभ्यासमा संलग्न विद्यार्थीहरूलाई हामी छात्रशिक्षक भन्ने गर्दछौं । शिक्षण अभ्यास निर्देशिका २०७८ ले छात्रशिक्षकहरूले प्रयोग गर्ने शिक्षण सामग्रीलाई पाठलाई स्पष्ट पार्न, कक्षा कोठामा प्रयोग गरिने विषयवस्तुसँग सम्बन्धित सामग्री नै शिक्षण सामग्री हो भनेको छ । यो सङ्कलित, निर्माण गरिएको वा वास्तविक जुनसुकै वस्तु पनि हुनसक्छ । सोही निर्देशिकामा शिक्षण सामग्रीको सङ्कलन र निर्माणमा ध्यान दिनुपर्ने कुराहरू भनी शैक्षिक सामग्री व्यावहारिक र उद्देश्यअनुरूप हुनुपर्ने, सकेसम्म सस्तो र स्थानीय वस्तु वा पदार्थबाट बनाइएको हुनुपर्ने, चित्र, फोटो, फ्ल्यास कार्ड आदि कक्षाको पछिल्लो बेन्चको विद्यार्थीले पनि देख्न सक्ने हुनुपर्ने, विद्यार्थीहरूलाई रुचिकर र आकर्षित गर्ने खालको हुनुपर्ने, तस्बिर, फोटो, क्यालेन्डर, पत्रपत्रिकामा प्रकाशित फोटो जम्मा गरी राख्न र आवश्यकता अनुसार प्रयोग गर्ने बानी बसाल्ने खालका सामग्री उल्लेख गरेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा (qualitative research design) अवलम्बन गरिएको छ, जसमा व्याख्यात्मक (descriptive–interpretative) शैलीमार्फत तथ्याङ्कको विश्लेषण गरिएको छ। बन्धु (२०५२) का अनुसार गुणात्मक अध्ययनमा शब्दगत तथ्य र सन्दर्भगत व्याख्या प्रमुख हुने भएकाले यस अध्ययनमा पनि सोही आधारलाई अपनाइएको छ । साथै, उद्देश्यपूर्ण नमुना छनोट (purposive sampling) विधि प्रयोग गरिएको छ, जसलाई कर्लिङ्गर (सन् १९८६) ले सीमित समय र स्रोतमा उपयुक्त नमुना चयनका लागि प्रभावकारी विधि मानेका छन्। यस अध्ययनका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातक तह चौथो वर्षमा नेपाली विषय शिक्षण गर्ने छात्र शिक्षकहरूलाई अध्ययन क्षेत्रका रूपमा चयन गरिएको छ। कोशी प्रदेशअन्तर्गत पाँच जिल्लाका दुई आङ्गिक र तीन सामुदायिक क्याम्पसलाई आधार बनाई कुल २५ जना छात्र शिक्षकलाई नमुनाका रूपमा चयन गरिएको हो। प्रत्येक क्याम्पसबाट ५–५ जना छात्र शिक्षकको कक्षा शिक्षण अवलोकन गरिएको थियो। तथ्याङ्क सङ्कलनका लागि संरचित कक्षा अवलोकन फाराम (structured classroom observation checklist) तयार पारिएको थियो, जसमा शैक्षिक सामग्रीको प्रकार, प्रयोगको अवस्था, विद्यार्थी सहभागिता, शिक्षक–विद्यार्थी अन्तरक्रिया तथा शिक्षण विधिसँग सम्बन्धित सूचकहरू समावेश गरिएका थिए। अवलोकनसँगै नेपाली भाषा शिक्षणसँग सम्बन्धित विषयवस्तु (जस्तै: व्याकरण, कथा, कविता तथा निबन्ध शिक्षण) मा केन्द्रित रहेर अर्ध–संरचित अन्तर्वार्ता (semi-structured interview) समेत सञ्चालन गरिएको थियो । अवलोकन प्रक्रिया चरणबद्ध रूपमा सम्पन्न गरिएको थियो—पहिलो चरणमा कक्षा प्रवेशपूर्व तयारी, दोस्रो चरणमा प्रत्यक्ष कक्षा अवलोकन, र तेस्रो चरणमा अवलोकनपश्चात अन्तर्वार्ता सञ्चालन गरिएको हो । अनुसन्धानकर्ताले बाह्य परीक्षणकर्ताको भूमिकाबाट क्रमशः सहभागी अवलोकनकर्ता (participant observer) को भूमिकामा रूपान्तरण गर्दै विद्यार्थी र शिक्षकसँग विश्वासपूर्ण सम्बन्ध (rapport) स्थापना गरिएको थियो, जसले वास्तविक कक्षा व्यवहार बुझ्न सहयोग पुर्याएको छ (ज्ञवाली, सन् २००१ र पन्त, सन् २०१२)। गुणात्मक तथ्याङ्क अनुसन्धान प्रक्रियामा मात्र संरचित हुने भएकाले यस अध्ययनमा पनि अवलोकन र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई व्यवस्थित रूपमा वर्गीकरण, तुलना र व्याख्या गरी निष्कर्ष निकालिएको छ।

## नतिजा र विश्लेषण


प्रस्तुत अध्ययनमा कक्षा अवलोकन र अर्ध–संरचित अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कका आधारमा नेपाली भाषाशिक्षणमा छात्र शिक्षकहरूले प्रयोग गर्ने शैक्षिक सामग्रीसम्बन्धी तीन प्रमुख थिमहरू पहिचान गरिएका छन्: (क) परम्परागत शैक्षिक सामग्रीको प्रभुत्व, (ख) सन्दर्भअनुकूल नवप्रवर्धनात्मक सामग्रीको सीमित प्रयोग र (ग) विषयगत (विधा/व्याकरण) अनुसार सामग्री प्रयोगमा भिन्नता।

### १. परम्परागत शैक्षिक सामग्रीको प्रभुत्व

कक्षा अवलोकनबाट प्राप्त तथ्य अनुसार छात्र शिक्षकहरूले मुख्य रूपमा पाठ्यपुस्तक, ब्ल्याकबोर्ड, चार्ट, चित्र, शब्दार्थ सूची तथा वाक्य पत्तीलाई शिक्षण सामग्रीका रूपमा प्रयोग गरेको पाइयो। विशेषगरी कथा, कविता, निबन्ध तथा जीवनी शिक्षणमा यस्ता सामग्रीहरू बढी प्रयोग भएको देखियो। यद्यपि, यी सामग्रीहरू प्रायः सूचनामूलक (informational) प्रकृतिका मात्र देखिए र विद्यार्थीको सक्रिय सहभागिता तथा अन्तरक्रियात्मक सिकाइ प्रवर्द्धनमा सीमित प्रभाव देखियो।

**तालिका १**


*इन्द्रियको आधारमा शिक्षण सामग्री*





नेपाली भाषाशिक्षणमा प्रयोग हुने सामग्रीमध्ये दृश्य सामग्रीको प्रक्षेपक अन्तर्गत ओभरहेड प्रोजेक्टर, स्लाइड प्रक्षेपक, अपारदर्शी प्रक्षेपक र फिल्म स्ट्रिप जस्ता कुरा पर्दछन् । जुन कुरा प्रविधिसँग पनि प्रत्यक्ष सम्बन्धित रहका हुन्छन् । साथै भाषाशिक्षणमा प्रयोग हुने जति पनि श्रव्य सामग्रीहरू छन् ती सबै नै प्रविधि हुन । हामीले कक्षाकोठामा प्रयोगका सन्दर्भमा हामीले यी सामग्रीहरूको प्रयोग पनि गर्नुपर्ने हुन्छ । स्पर्श सामग्रीले धारणको विकास गर्ने गर्दछ । कुनै कुराको ब्यावहारिक प्रयोगका लागि यस्ता सामग्रीको उपयोग आवश्यक मानिन्छ । दृश्य–श्रव्य सामग्री अन्तर्गत रहेका सामग्रीले पनि नेपाली भाषाशिक्षणमा अनुकरण, प्रहसन आदिका लागि सहयोग पु¥याउँदछन् । वर्तमान समयमा त झन हामीले नेपाली भाषाशिक्षणका क्रममा प्रयोग हुने शिक्षण सहायक सामग्रीलाई प्रविधिको सहयताबाट बुझाउनु प्रभावकारी हुने गर्दछ ।

**तालिका २**

*उपयोग र निर्माणका आधारमा शिक्षण सामग्री*




भाषाशिक्षणमा बढी प्रयोगमा ल्याइरहन सकिने तथा प्रयोगमा आइरहने सामग्रीमा शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका तथा फ्लाटिन बोर्ड हुन् । यी सामग्रीबाट विद्यार्थीलाई भाषिक सिपका साथै व्याकरण शिक्षण समेत गर्न सकिन्छ । भाषाशिक्षणमा विद्यार्थीले सुनेका तर ती वस्तुलाई नदेखेका अवस्थामा उपयुक्त सामग्रीको निर्माण गरी उनीहरूको धारणा प्रष्ट पार्न शिक्षण सामग्रीले नै सहयोग पुर्याउने भएकाले यसको आवश्यकता पर्दछ । भाषाशिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीमा निम्नलिखित कुराहरूसँग सम्बन्धित हुने गर्दछन् ।



### २. नवप्रवर्धनात्मक तथा प्रविधि–आधारित सामग्रीको सीमित प्रयोग

केही छात्र शिक्षकहरूले मल्टिमिडिया प्रस्तुति, मोबाइल भिडियो, वास्तविक वस्तु तथा स्थानीय स्रोत सामग्री प्रयोग गरेको पाइयो। तथापि, यस्ता सामग्री सबै कक्षामा नियमित रूपमा प्रयोग भएको देखिएन। अन्तर्वार्ताबाट प्राप्त तथ्य अनुसार प्रविधि अभाव, समय व्यवस्थापनको कठिनाइ तथा सामग्री निर्माण सिपको कमी प्रमुख चुनौतीका रूपमा देखा परे। यसले नेपाली भाषाशिक्षणमा डिजिटल तथा नवप्रवर्तनात्मक सामग्रीको प्रयोग अझै प्रारम्भिक चरणमा रहेको संकेत गर्दछ।

### ३. विषयगत (विधा र व्याकरण) अनुसार सामग्री प्रयोगमा भिन्नता

अवलोकनका क्रममा व्याकरण शिक्षण (जस्तैः शब्द निर्माण, काल, क्रिया, वर्णविन्यास) मा छात्र शिक्षकहरूले तुलनात्मक रूपमा बढी संरचित र स्पष्ट शैक्षिक सामग्री निर्माण गरेको देखियो। उदाहरणस्वरूप गोजी तालिका, शब्द पत्ती र फ्ल्याश कार्डको प्रयोग प्रभावकारी रूपमा गरिएको पाइयो। यसको विपरीत, कविता, कथा र जीवनीजस्ता विधा शिक्षणमा सामग्रीको प्रयोग सीमित र असंरचित देखियो। कविता शिक्षणमा प्रायः पाठ्यपुस्तक र मौखिक व्याख्यानमै निर्भरता देखिएको पाइयो।

उपर्युक्त नतिजाबाट स्पष्ट हुन्छ कि नेपाली भाषाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग विधागत रूपमा असन्तुलित छ। व्याकरण शिक्षणमा सामग्री प्रयोग अपेक्षाकृत प्रभावकारी देखिए पनि साहित्यिक विधा शिक्षणमा सामग्रीको अभाव वा न्यून प्रयोगले शिक्षणलाई व्याख्यानमुखी बनाएको देखिन्छ। यो निष्कर्ष शिक्षण अभ्यासमा विद्यार्थी–केन्द्रित शिक्षण सामग्रीको योजनाबद्ध विकास र प्रयोग आवश्यक रहेको सन्दर्भसँग मेल खान्छ। त्यसैगरी, नवप्रवर्धनात्मक सामग्रीको सीमित प्रयोगले विद्यार्थीको सहभागिता र सिकाइ अनुभवमा विविधता ल्याउने सम्भावनालाई पूर्ण रूपमा उपयोग गर्न नसकेको देखिन्छ। कक्षा अवलोकनले देखाएअनुसार सामग्री प्रयोग गरिएको अवस्थामा विद्यार्थीको ध्यान, सहभागिता र बोधस्तर तुलनात्मक रूपमा उच्च देखिएको छ भने सामग्रीविहीन शिक्षण अपेक्षाकृत निष्क्रिय देखिएको छ। अन्तर्वार्ताबाट प्राप्त प्रतिक्रियाले पनि छात्र शिक्षकहरूमा सामग्री निर्माणको सकारात्मक धारणा भए तापनि व्यावहारिक सिप र स्रोतको कमी प्रमुख चुनौतीका रूपमा रहेको देखाउँछ। यसले शिक्षक शिक्षा कार्यक्रमभित्र शैक्षिक सामग्री निर्माण तथा प्रविधि–आधारित शिक्षणमा थप दक्षता विकास गर्नुपर्ने आवश्यकता औंल्याउँछ। शिक्षण अभ्यासमा संलग्न छात्रशिक्षकहरूले विद्यालय शिक्षणका क्रममा पाठ्यक्रमले व्यवस्था गरेका कविता, कथा, व्याबहारिक लेखन, जीवनी, संवाद, निबन्ध, वक्तृत्व लगायत व्याकरणका पाठहरूको समेत पाठयोजना बनाई शिक्षण गर्ने गरेका छन्। प्रत्यक्ष अवलोकनका क्रममा उनीहरूले पाठयोजनामा शिक्षण सामग्री भनेर प्राय:ले दैनिक प्रयोगका सामग्री लेखेको पाईयो भने त्यो सँगसँगै केही छात्र शिक्षकले भने फरक खालको पनि पाइयो। समग्रमा कक्षाशिक्षणका क्रममा उनीहरूले प्रयोग गर्ने शिक्षण सामग्रीहरू भने यसप्रकारका रहेको पाइयो :

१. गोजी तालिका,
२. फ्लाटीन पाटी,
३. शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती र वोध प्रश्न सूची,
४. विभिन्न साहित्यकार र अन्य व्यक्तित्वहरूको फोटा,
५. विभिन्न स्थानको चित्रहरू,
६. आवश्यकता अनुसार कक्षाकोठामा भएको प्रोजेक्टर लगायतका सामग्रीहरू।

अध्ययनका क्रममा कक्षा नौ को व्यवहारिक लेखन अन्तरगत चिठी शिक्षण गर्ने छात्र शिक्षकहरूले बजारबाटै खाम किनेर लगेर देखाउँदै खामको नमुना बुझाएको पाइयो । चिठी लेखनको नमुनालाई पाठ्यपुस्तकबाटै देखाउँदै शिक्षण गरेका विद्यार्थी १ को भनाइमा :

> "सर खासै सामग्री नै पाँइदैन । के गर्नु के गर्नु हुन्छ अनि खाम ल्याएको । फाइनल अब्जरका दिन केही न केही सामग्री त चाहियो भनेर मात्रै ल्याको हो सर । सबै किताबमा भइ नै हाल्छ (विद्यार्थी १ सँगको कुराकानी, २०८१) ।"

उनको यो भनाइबाट छात्र शिक्षकहरू शिक्षण सामग्रीको निर्माण र प्रयोगमा केही कमजोर रहेको भन्न सकिन्छ । पाठ्यक्रमले नेपाली विषयका लागि विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकण अन्तरगत सबै पाठको बोध, अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास र भाषिक प्रकार्य भनी छुट्याएको पाइन्छ । त्यसका लागि सोही अनुसारका शिक्षण सामग्रीको प्रयोग गरिनु पर्ने हुन्छ । त्यसैगरी कक्षा नौ मा सारङ्गीमा देश कविता शिक्षण गर्ने छात्रशिक्षकले लयवोध पाठ्यवस्तु शिक्षण गर्दा सामग्रीको रुपमा दैनिक प्रयोगका सामग्री मात्रै उल्लेख गरेको देखियो । यसो हुनुमा उनमा सो कविताको शिक्षणपश्चात प्राप्त हुनुपर्ने भाषिक सिपगत पक्षको ज्ञान नहुनु हो भन्न सकिन्छ कविता शिक्षण पश्चात छात्रशिक्षकलाई सामग्रीको व्यवस्थापन र प्रदर्शन त कमजोर रह्यो नि भन्दा अभ्यास शिक्षणमा सम्लग्न विद्यार्थी दुईको भनाइ यस प्रकारको रहेको पाइयो :

> "यो छन्दमा रहेको कविता रैछ । यसको शिक्षण गर्दा आफूले पहिले लय हालेर गाउने र विद्यार्थीहरूलाई पनि लय हालेर गाउन लगाएर पढाइयो । यसमा सामग्री त खै के हुन्छ होला र ? । हाम्रो नेपाली विषयमा त सामग्री नै पाउन गाह्रो रैछ (विद्यार्थी दुइसँगको स्थलगत कुराकानीमा आधारित, २०८१) ।"

यसबाट के प्रस्ट हुन्छ भने छात्रशिक्षकलाई लयवोध शिक्षणका क्रममा गति यति र विराम उल्लेख वा सङ्केत गरेर कविताका श्लोकहरू वा कुनै एक श्लोकमा सङ्केत गरेर देखाएमा विद्यार्थीहरूले सहज ढङ्गले लयवोध गर्दछन भन्ने जानकारीको अभाव देखिन्छ । माध्यमिक तहको पाठ्यक्रम २०७८ ले कविता शिक्षणका लागि तय गरेका वोध, अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास र भाषिक प्रकार्यको ख्याल नगर्दा शिक्षण र सामग्री प्रयोग प्रभावकारी नबनेको देखिन्छ । छन्दोबद्ध कविताका लागि कमजोर सामग्री निर्माण गरेको छात्रशिक्षकहरूले गद्य र अन्य लोक लयका कवितामा त झन शिक्षण सामग्री नपाउने बताए । कविता रचनाकारको फोटा भने सम्भवभएसम्म सबैले सामग्रीको रुपमा प्रयोग गर्ने गरेको देखियो ।

कक्षा दसको कथा विधा अन्तर्गत शत्रु कथा शिक्षण गर्ने एक छात्रशिक्षकले सस्वर पठन र प्रश्नोत्तर पाठ्यवस्तुको शिक्षण गर्दा प्रयोग गरेको सामग्रीमा प्रश्नहरूको सूची रहेको थियो । विद्यार्थीहरूलाई पाठको सस्वर पठनपश्चात एकमुष्ठ प्रश्नको सूची फ्लाटीन पाटीमा टाँसेर हरेक प्रश्नको छलफल विधिबाट जवाफ खोजी गरेर शिक्षण गर्दा विद्यार्थी सहज रुपले शिक्षण गरिएको विषयवस्तु राम्रोसँग बुझेको भन्ने प्रतिक्रिया दिइरहेको थिए । प्रश्नसूची एउटा ठूलो चार्टपेपरमा पाँचओटा प्रश्न एकै ठाउँमा राखेर तयार पारिएको थियो । हरेक प्रश्न छुट्टाछुट्टै किन नराखेको भन्ने जिज्ञासमा छात्र शिक्षकले समयको वचत र प्रस्तुतिको सहजताका लागि एकै पटक प्रश्नको सूची प्रदर्शन गरेको बताए । यद्यपि कक्षामा उद्देश्य अनुरुपको शिक्षण गर्नका लागि यो सामग्री पनि उपयुक्त नै देखिन्थ्यो । नमुनामा परेमा शिक्षण अभ्यासमा संलग्न प्राय सबै छात्रशिक्षकहरू प्रश्नोत्तरको शिक्षण यही क्रममा गरेको पाइयो ।

जीवनी शिक्षणका क्रममा लक्ष्मीप्रसाद देवकोटाको जीवनी शिक्षणका क्रममा भने छात्रशिक्षकहरूले सम्बन्धित व्यक्तिको फोटा खोजेर कलर प्रिन्ट वा आफैँले कलर गरेर विद्यार्थीहरूलाई देखाएको पाइयो । जीवनी शिक्षणका पाठयोजनाको निर्माणमा अध्ययनका नमुनामा परेका प्रायः सबै छात्रशिक्षकहरूको सामग्री यही नै थियो । यसका अलावा सम्बन्धित व्यक्तिका रचना, कार्य, भूमिका र समाजमा पारेको प्रभावका बारेमा भने केही छात्रशिक्षकले मात्रै सामग्रीमा उल्लेख गरेको देखियो । शिक्षण सामग्री बनाउने विषयमा छात्रशिक्षकहरू सचेत रहेका तर बनाउने ज्ञान र सिपको अभाव रहको हो कि भन्ने अवस्था भने टड्कारो देखिन्थ्यो । शिक्षण अभ्यासका क्रममा वादविवाद, वक्तृत्व, संवाद शिक्षण गर्ने छात्रशिक्षकहरूले सामग्रीका रुपमा भूमिका निर्वाह गरिने तस्वीरहरू बनाएर प्रयोग गरेको पाइयो । यस्ता विषयवस्तुको शिक्षणका लागि उनीहरूले भूमिका निर्वाह गर्न लगाउने, कक्षाको अगाडि ल्याई पात्र अनुसारको भूमिका गर्न लगाउने गरेको पाइयो । कोही छात्रशिक्षकले बुँदा टिपोटको अभ्यास गराउने गरेको पाइयो भने केहीले शुद्धोच्चारण अभ्यास गराउने गरेको पाइयो । तथापि पाठ्यपुस्तकको सहयोगमा यी शिक्षण कार्य गरेको भए तापनि शिक्षण सामग्रीको प्रयोग भने गरेको पाइएन ।

कक्षा नौ को व्यावहारिक लेखनमा सस्वर पठन, शब्द उच्चारण र अर्थबोध, संरचना र शैली पाठको विषयवस्तु बोध, सन्देश ग्रहण, विद्युतीय सामग्रीबाट विषयवस्तु बोध र पर्यायवाची शब्दका पहिचान र प्रयोग जस्ता कुरालाई बोध अन्तरगत शिक्षण गरिनु पर्ने हुन्छ । त्यसैगरी अभिव्यक्ति खण्ड अन्तरगत ढाँचा र शैली अनुकरण  निवेदन लेखन, प्रत्युत्तर लेखन, प्रश्नोत्तर, निमन्त्रणाको नमुना लेखन, सूचना लेखन, टिप्पणी लेखन जस्ता कार्यमा ध्यान पु¥याउनु पर्दछ । भाषिक संरचना र वर्णविन्यास अन्तरगत वाक्य संश्लेषण र विश्लेषण अनि छय/क्ष वर्णविन्यासको पहिचान र प्रयोग जस्ता कुरालाई शिक्षण गरिनु पर्दछ साथै भाषिक प्रकार्यमा यो पाठको काम भनेको शुभेच्छा हो । यसका लागि छात्रशिक्षकले विद्युतीय सामग्री सहित शब्दार्थ पत्ती, प्रश्नसूचीका साथै विभिन्न व्याबहारिक लेखनका नमुना देखाएर शिक्षण गरिनु पर्ने हुन्थ्यो तर अवलोकनका क्रममा यस्ता पक्षमा ध्यान नपुगेको र ती खालका सामग्रीको प्रयोगको अभाव पाइयो । छाात्रशिक्षकले शिक्षण अभ्यासका क्रममा निबन्ध विधा शिक्षण गर्दा सस्वर र मौन पठन, शब्दार्थ र वाक्य निर्माण, प्रश्नोत्तर अभ्यास र शुद्धसँग शब्दोच्चारण लगायतका पाठ्यवस्तु तय गर्ने गरेको पाइयो । यी पाठ्यवस्तु शिक्षणका क्रममा उनीहरूले प्रयोग गर्ने सामग्रीहरूमा दैनिक प्रयोगका सामग्री सेतोपाटी, पाठ्यपुस्तक लगायत शब्दार्थ पत्ती, वाक्य पत्तीलाई मूल आधार बनाउने गरेको देखियो । यसमा उनीहरूले शिक्षण सामग्रीलाई प्रयोग गर्ने समय र सन्दर्भमा अलिक तालमेलल नमिलेको जस्तो देखिन्छ । विद्यालयको कक्षाको साइज र विद्यार्थी सङ्ख्यालाई आधार मानेर सामग्री निर्माण गर्नु पर्नेमा सामग्रीको अक्षर आकार र वर्णविन्यासगत पक्षमा ध्यान नपुगेको देखिन्छ । छात्र शिक्षकहरूले सामग्रीको निर्माणका लागि एक आवश्यकीय पक्ष भने ठानेको तर सो सम्बन्धी सम्पूर्ण आवश्यक ज्ञान, सिपमा कमी हो कि भन्ने भान हुने गरी सामग्री प्रयोग गरेको देखियो ।

छात्रशिक्षकहरूले कक्षा शिक्षणका क्रममा शब्दार्थ शिक्षण गर्नु परेमा भने अधिकांशले उपयुक्त पाठ्यसमाग्री निर्माण गरेको पाइयो । चार्ट पेपरमा शब्द उल्लेख गरेका र ती शब्दको अर्थ अर्को पत्तीमा बनाई गाजी तालिकामा राखेर क्रमबद्ध शिक्षण गरेको देखियो । अवलोकनका क्रममा छात्रशिक्षकहरूले विधा शिक्षणभन्दा व्याकरण शिक्षणमा सामग्रीको प्रभावकारी प्रयोग गर्ने गरेको पाइयो । व्याकरण शिक्षणमा प्रयोग गर्ने सामग्रीलाई भने छात्रशिक्षकहरूले स्वनिर्माण गरी सन्दर्भमा नै प्रदर्शन गराएको देखियो । कक्षाशिक्षणमा संलग्न छात्रशिक्षक ४ को भनाइमा :

> "व्याकरण पढाउँदा भने छोटा छोटा शब्द, सहज रूपमा उल्लेख गर्न सकिने र गोजी तालिकामा नै राखेर देखाउन सकिने भएका कारण सामग्री बनाउन सहज भएको र विद्यार्थीलाई बुझाउन पनि सहज भएको

अनुभव रह्यो । शब्द निर्माण, शब्दको अर्थ, वाक्य निर्माण, वर्णविन्यास, नाम, सर्वनाम, क्रिया, काल, पक्ष, भाव आदि विद्यालय तहको कक्षामा शिक्षण गरिनु पर्ने व्याकरणका पाठहरूका सामग्री बनाउन सहज हुने रैछ (छात्र शिक्षक ४ सँगको स्थलगत कुराकानीमा आधारित, २०८१) ।"

यसो बताउने छात्रशिक्षकहरूको कक्षा अवलोकनका क्रममा पनि सो कुरा झल्कन्थ्यो । सफा र ठूला अक्षरमा स्तरीय र उपयुक्त सामग्रीको व्यवस्थापन भएको देखन्थियो । हरेक पाठमा व्याकरणका केही न केही पक्ष समेटिएको वर्तमान माध्यमिक पाठ्यक्रममा छात्रशिक्षकको रुची पनि विधा शिक्षणका तुलनामा व्याकरण शिक्षण रहेको देख्न सकिन्थ्यो । यसको कारण भनेको शिक्षण अभ्यासमा संलग्न हुँदाका बखत तयार पार्ने पाठयोजनामा कुनै न कुनै शिक्षण सामग्री बनाएमा राम्रो हुने र त्यो सामग्रीको निर्माण विधामा भन्दा व्याकरणका पाठमा सहज हुने उनीहरूको भनाइ रहेका थियो ।

शिक्षण सामग्रीको व्यवस्था र कक्षामा तिनको प्रयोग गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमता, स्तर, सङ्ख्या, अनुभवको सेरोफेरो, भाषिक र सांस्कृतिक पृष्ठभूमि, स्थानीय वातावरण, पाठगत सान्दर्भिकता, विषयवस्तु र पाठ्यवस्तुको प्रकृति जस्ता विविध कुरामा ध्यान पुर्याउनु पर्दछ (शर्मा र पौडेल, २०७० पृ.२३७) । यस सन्दर्भमा शिक्षण सामग्रीको छनोट र प्रयोग केवल सजावटमूलक वा सहायक क्रियाकलापमा सीमित नभई सिकाइलाई अर्थपूर्ण, सान्दर्भिक र अन्तरक्रियात्मक बनाउने रणनीतिक प्रक्रियाका रूपमा लिनुपर्छ । सामग्रीहरू विद्यार्थीको पूर्वज्ञान, सिकाइको आवश्यकता र सिकाइ उद्देश्यसँग मिल्ने गरी सान्दर्भिक रूपमा प्रयोग गरिएमा मात्र तिनले वास्तविक शैक्षिक मूल्य वहन गर्छन्। साथै, स्थानीय स्रोत–साधनको अधिकतम उपयोग, बहुभाषिक तथा बहुसांस्कृतिक सन्दर्भको सम्मान र विद्यार्थीकेन्द्रित दृष्टिकोणको अवलम्बनले शिक्षण सामग्रीलाई जीवन्त र प्रभावकारी बनाउँछ । यसका अतिरिक्त, प्रविधिमूलक सामग्रीहरूको सन्तुलित प्रयोगले सिकाइमा विविधता ल्याउनुका साथै आलोचनात्मक चिन्तन, समस्या समाधान क्षमता र सिर्जनात्मकता विकासमा टेवा पुर्याउँछ। त्यसैले, शिक्षण सामग्रीको योजनाबद्ध, उद्देश्यपरक र सन्दर्भानुकूल प्रयोग शिक्षण–सिकाइ प्रक्रियाको गुणस्तर अभिवृद्धिका लागि अपरिहार्य मानिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनले शिक्षण अभ्यासमा संलग्न छात्र शिक्षकहरूले नेपाली भाषाशिक्षणका क्रममा प्रयोग गर्ने शैक्षिक सामग्रीको अवस्था, स्वरूप र प्रभावलाई स्पष्ट रूपमा उजागर गरेको छ । अध्ययनबाट के निष्कर्ष निस्कन्छ भने कक्षाशिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अझै पनि मुख्यतः परम्परागत ढाँचामा सीमित रहेको छ भने नवप्रवर्धनात्मक तथा प्रविधि–आधारित सामग्रीको प्रयोग अपेक्षाकृत न्यून र असंगठित अवस्थामा रहेको पाइन्छ। यद्यपि, चार्ट, शब्दपत्ती, गोजी तालिका, चित्र जस्ता सामग्रीहरूको प्रयोगले विद्यार्थीको सहभागिता, अन्तरक्रिया र अवधारणागत बोधमा सकारात्मक प्रभाव पारेको देखिन्छ । विशेषगरी व्याकरण शिक्षणमा सामग्रीको प्रयोग तुलनात्मक रूपमा प्रभावकारी र संरचित देखिए पनि साहित्यिक विधा शिक्षणमा यसको प्रयोग कमजोर र असन्तुलित रहेको पाइयो, जसले शिक्षणलाई अझै व्याख्यानमुखी बनाइरहेको संकेत गर्दछ । अध्ययनले छात्र शिक्षकहरूमा शैक्षिक सामग्रीको महत्त्वबारे सकारात्मक धारणा भए तापनि सामग्री निर्माणसम्बन्धी आवश्यक ज्ञान, सिप र स्रोतको अभाव रहेको तथ्यलाई पनि उजागर गरेको छ । यसले शिक्षक शिक्षा कार्यक्रमभित्र सामग्री निर्माण, प्रयोग तथा प्रविधि एकीकरणसम्बन्धी व्यावहारिक दक्षता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखाउँछ । साथै, शिक्षण सामग्रीको प्रभावकारी प्रयोगका लागि विद्यार्थीको स्तर, भाषिक तथा सांस्कृतिक पृष्ठभूमि, स्थानीय सन्दर्भ र पाठ्यवस्तुको प्रकृतिलाई आधार बनाइ योजनाबद्ध रूपमा सामग्री चयन र प्रयोग गर्नुपर्ने आवश्यकता पुष्टि भएको छ । यस आधारमा नेपाली भाषाशिक्षणलाई

प्रभावकारी, सान्दर्भिक र विद्यार्थीकेन्द्रित बनाउन शिक्षण सामग्रीको सिर्जनात्मक, सन्तुलित र सन्दर्भानुकूल प्रयोग अपरिहार्य रहेको निष्कर्षमा पुगिन्छ। साथै, यसका लागि शिक्षक प्रशिक्षण कार्यक्रम, पाठ्यक्रम कार्यान्वयन रणनीति तथा कक्षा व्यवस्थापन प्रक्रियामा शैक्षिक सामग्रीको प्रयोगलाई केन्द्रीय पक्षका रूपमा समेट्नुपर्ने देखिन्छ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषाशिक्षण*, विद्यार्थी पुस्तक भण्डार।

कर्लिङ्गर/Kerlinger, F.N. (1986). *Foundation of behavioural research* (3rd ed.). New Delhi: Surjeet Publication .

कोइराला, विद्यानाथ (२०७३), *शैक्षिक सामग्रीको प्रयोग (शिक्षक स्रोत पुस्तिका)*, काठमाडौँः सिकाइ समूह प्रा.लि.।

ज्ञवाली, दामोदर (2001), *ह्याण्डबुक अफ रिसर्च स्कलर्स*, काठमाडौं।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०७६), *नेपाली भाषा शिक्षण*, एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स। पन्त/Panta,P.R(2012). *Social Science research and thesis writing* (6th ed.). Buddha Academic Publishers & Distributors Pvt. Ltd., Kathmandu.

पाठ्यक्रम विकास केन्द्र (२०७९), *माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ९–१०)*, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन*, रत्न पुस्तक भण्डार।

भट्टराई, रामप्रसाद, श्रीप्रसाद कँडेल र कलाधार अर्याल (२०७९), *नेपाली भाषा शिक्षण*, शुभकामना प्रकाशन प्रा.लि.।

रिमाल, डिल्लीराम (२०५७), *नेपाली शिक्षण*, विद्यार्थी पुस्तक भण्डार।

लामिछाने, यादवप्रकाश (२०६७), *नेपाली भाषा शिक्षण*, विद्यार्थी पुस्तक भण्डार।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण*, विद्यार्थी पुस्तक भण्डार।

शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालय (२०७८), *शिक्षण अभ्यास निर्देशिका*, त्रिभुवन विश्वविद्यालय।